# श्री कपिलवस्तु साझेदारी वन उपभोक्ता समूह
## शिवराज न.पा - ०३, कपिलवस्तु

### काठ दाउरा को बोलपत्रद्धारा लिलाम बिक्रिको सुचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/१२/११**

कपिलवस्तु साझेदारी वन उपभोक्ता समुहको वन बाट आ.व.२०८१/०८२ मा ढलापडा रुख संकलन गरी उत्पादन भएको काठ दाउरा मध्य कपिलवस्तु साझेदारी वन उपभोक्ता समूहको भागमा परेको काठ मध्य समूहमा आन्तरिक खपत नभएको काठ सा.व. घाटगद्दीमा रहेकोमा सो काठ लाई लट नं. १९ कायम गरी निम्न जात र परिमाणको काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रित पुगेका वन पैदावारमा अधारित (काठ/दाउरा) संचालनमा रहेको उद्योगले मात्र यो सूचना बुद्ध दर्पण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १५ दिन भित्रमा बोलपत्र खरिद गरी १६ औ दिनको २:०० बजे सम्ममा प्रत्यक लटको छुट्टाछुटै सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

**वन पैदवारको विवरण**

| सि.नं. | लट नं. | जात | ग्रेड | थान | परिमाण (क्यू.फिट) | न्यूनतम मुल्य प्रति इकाइ दर रु | न्यूनतम मुल्य रु | संकलन खर्च | प्लट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १९/२०८२/०८३ | माल | A | ८ | १३७.९२ | १२५० | १७२४०० | २४३५५१ | ढलापडा | धाङ नं. ४, ७, १९, २० |
| | | माल | B | ११ | २१९.३५ | ९०० | १९७४१५ | | | |
| | | माल | C | २६ | ८६.८ | ६०० | ५२०८० | | | |
| | | माल | D | ८ | १३.५७ | ३०० | ४०७१ | | | |
| | | **जम्मा** | | **५३** | **४५७.६४** | | **४२५९६६** | | | |
| | | अमना | A | १३ | २३६.०७ | ४०० | ९४४२८ | | | |
| | | असना | B | ३१ | २९९.२५ | ३०० | ८९७७५ | | | |
| | | असना | C | ५९ | २३०.४९ | १०० | २३०४९ | | | |
| | | **जम्मा** | | **१०३** | **७६५.८१** | | **२०७२५२** | | | |
| | | बाँझी | | २६ | १५१.५७ | १०० | १५१५७ | | | |
| | | आँप | | २ | १५.५१ | २०० | ३१०२ | | | |
| | | **कुल जम्मा** | | **१८४** | **१३९०.५३** | | **६५१४७७** | | | |

(१) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८२/१२/२५ (ख) समय :- ५:०० वजे भित्र।

(२) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८२/१२ /२६ (ख) समय :- दिनको ठीक २.०० वजे सम्म।

(३) बोलपत्र फारम प्रति लट रु १००० ।- पछि फिर्ता नहुने गरी तिरी यस समुहको कार्यालय र डिभिजन वन कार्यालय कपिलवस्तु (गौतमबुद्ध) बाट खरिद गरी सोहि कार्यालयमा दाखिला गर्न सकिनेछ।

(४) बोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको नेपाल बैकको शाखा कार्यालय चन्द्रौटा चल्ती खाता नं. **२२८००१०६६४७६८७००००१** मा नगद जम्मा गरेको सक्कल भौंचर वा ६ महिना को बैंक ग्यारेण्टी जमानत पत्र समावेश हुनपर्ने छ।

(५) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र **यस कपिलवस्तु साझेदारी व.उ.स.** को घाटगद्दी स्थलमा गई हेर्न सकिने छ।

(६) लिलाममा भाग लिन ईच्छुक उद्योगका प्रोप्राईटरले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी, मुल्य अभिबृद्धिकर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी , कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी, डिभिजन वन कार्यालयमा सुचिकृत अधावधिक भएको पत्रको प्रतिलिपी सहित बोल पत्र खरिद गरी शिल वन्दी बोलपत्र पेश गर्नु पर्नेछ।

CamScanner

# श्री कपिलवस्तु साझेदारी वन उपभोक्ता समूह
## शिवराज न.पा -०३, कपिलवस्तु

(७) निर्धारित गरिएको न्यूनतम् संख्याको र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/१२/२७ गते १२.०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ।

(८) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भए पश्चात नियमानुसार सकार गरेका रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर लगायत अन्य कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार उठाई लैजानु पर्नेछ।

(९) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

(१०) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहको कार्यसमितिमा हुनेछ।

११) बोलपत्र खरिद गर्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य दाखिला गर्ने दिनको तोकिएको समय भन्दा १ घन्टा अगाडी नै बोलपत्र खरिद गरी तोकिएको समयमा दाखिला गरी सकेको हुनु पर्ने छ।

(१२) खरिद भएको बोलपत्र दाखिला गर्न को लागि तोकिएको मितिमा विदा परेमा सो कार्य सो पछिको कार्यालय खुल्ने मितिमा तोकिए बमोजिम हुनेछ।

(१३) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको बोलपत्र मान्य हुने छैन।

(१४) टेन्डर फारमा टिपेक्सको प्रयोग गर्न पाईने छैन। टिपेक्स प्रयोग भएका टेन्डर फारम रद्द गरिने छ।

(१५) बैक बाट जारी भएको बैक जमानत पत्र सक्कल प्रति पेश हुनु पर्ने छ। प्रतिलिपि तथा स्कयान प्रति पेश भएमा मान्य हुने छैन।

(१६) सिलबन्दी बोलपत्र दाखिला गर्दा अनिवार्य रुपमा खाँममा सम्पर्क नम्बर वा ईमेल ठेगाना राख्नु पर्ने छ।

(१७) अन्य कुराहरु बुझ्नु परेमा यस समुहमा सम्पर्क राख्नु होला।